# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, साउन १ गते २०३८ साल (अतिरिक्ताङ्क १७(क)


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

**दैनिक तथा भ्रमण भत्ता (दोस्रो संशोधन) नियमहरू, २०३८**

दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०३० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "दैनिक तथा भ्रमण भत्ता (दोस्रो संशोधन) नियमहरू, २०३८" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०३० को नियम ६ मा संशोधनः दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०३० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को, (१) उप-नियम (१) को खण्ड (ग) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर कर्मचारीलाई तोकिएको श्रेणी नै नभएको अवस्थामा निजले सोभन्दा एक तहमाथिको श्रेणीबाट भ्रमण गर्न सक्नेछ"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (२) को खण्डहरुमा रहेका "रू. ५।–, रू. ४।–, रू. ३।–, रू. २।–" भन्ने शब्दहरुको सट्टा क्रमशः "रू. ६।–, रू. ५।–, रू. ४।–, रू. ३।–" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम ७ मा संशोधनः- मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः–

"७. दैनिक भत्ता पाउनेः (१) रात बिताउनु पर्ने गरी आफ्नो अड्डा रहेको सदर मुकामबाहिर कुनै ठाउँमा भ्रमण वा काजमा खटिएका देहायका कर्मचारीले देहायबमोजिम दैनिक भत्ता पाउनेछः–

(क) प्रथम तहका कर्मचारीले– रू. ३०।–
(ख) द्वितीय तहका कर्मचारीले– रू. २५।–
(ग) तृतीय तहका कर्मचारीले– रू. १८।–
(घ) चतुर्थ तहका कर्मचारीले– रू. १२।–

(२) भ्रमणमा जाँदा नगर पञ्चायत क्षेत्रमा बास बस्नु परेमा त्यसरी बास बसेको दिन जतिका लागि उप-नियम (१) मा उल्लेखित दैनिक भत्ताको दश प्रतिशत थप भत्ता पाउनेछ ।

(३) भ्रमणबाट आफ्नो कार्यालय रहेको सदरमुकाममा फर्केको दिनको र सरुवा बढुवा भै जाँदा आफ्नो कार्यालयको सदरमुकाममा पुगेको दिनको आधा दैनिक भत्ता दिइनेछ ।

(४) नियम २४ को अधीनमा रही आफ्नो अड्डा रहेको जिल्लाभित्र सरकारी काममा भ्रमण गर्दा वा काज खटिएमा पनि यी नियमहरूबमोजिम दैनिक भ्रमण भत्ता पाउनेछ ।

४. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को (१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छ ।

"(१) सरुवा वा बढुवा भई एक जिल्लाबाट अर्को जिल्लामा जाने कर्मचारीले आफ्नो परिवारलाई बहाल भएको जिल्लाबाट आफ्नो घर भएको जिल्लामा फर्काउँदा वा सरुवा भएको जिल्लामा साथ वा पछि जहिले सुकै लगेमा पनि एक पटक नयाँ नियुक्ति भएका (परीक्षणकालमा रहेका समेत ) कर्मचारीले आफ्नो परिवार आफ्ना घरबाट नयाँ नियुक्ति भएको जिल्लामा साथ वा पछि जहिले सुकै लगेमा पनि एक पटक दश वर्षमुनिका केटाकेटीलाई कर्मचारीले पाउने दैनिक तथा भ्रमण भत्ताको आधा र सोभन्दा माथिका प्रत्येक सदस्यलाई कर्मचारीले पाउने सरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

तर

(क) भ्रमणको लागि सवारी साधनको टिकट लिन परेमा टिकटलाई लागेको खर्चभन्दा बढी भ्रमण भत्ता दिइनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) यस नियमबमोजिम परिवार ल्याएको र फिर्ता लगेको वा साथमा लगेको कुरा कर्मचारीको व्यक्तिगत फाइलमा अभिलेख राखी सरुवा बढुवा भै गएको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उप-नियम (४) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर यो सुविधा अस्थायी कर्मचारीलाई दिइनेछैन ।"

(३) उप-नियम (६) को सट्टा देहायको उप-नियम (६) राखिएको छः–

"(६) भैपरी आउने बिदा र क्रिया बिदाबाहेक अरू कुनै बिदा नलिई एकै जिल्लामा दुई वर्ष बिताइसकेका कर्मचारीले आफूले पकाएको घर बिदा लिई आफ्नो घर आउँदा र घरबाट कार्यालयमा फर्कंदा बाटोमा लागेका दिन जतिको यी नियमहरूबमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ताको आधा दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर कर्मचारीको परिवारका सदस्यले यस उप-नियम बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछैन ।"

५. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को उप-नियम (२) मा रहेको "२ महीना" भन्ने शब्दहरूको सट्टा "तीन महीना" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को उप-नियम (४) को सट्टा देहायको उप-नियम (४) राखिएको छः–

"(४) उप-नियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि काज खटिएको अड्डादेखि पहाडी क्षेत्रको हकमा डेढ कोस र अरू क्षेत्रको हकमा अढाई कोसभित्र आफ्नो वा आफ्नो परिवारको स्थायी घरबास भएको कर्मचारीले त्यस्तो अड्डामा काज रहे तापनि यी नियमहरूबमोजिम दैनिक भत्ता पाउनेछैन ।"

७. मूल नियमावलीको नियम १९ मा संशोधनः मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छः–

"१९. विदेशमा जाँदाको भ्रमण भत्ताः सरकारी कामको सिलसिलामा बिमानद्वारा विदेशमा यात्रा गर्नु पर्दा इकोनोमि क्लासको भ्रमण खर्च मात्र पाउनेछ ।"

८. मूल नियमावलीको नियम २० मा संशोधनः मूल नियमावलीको नियम २० को,

(१) उप-नियम (२) मा रहेको "निमन्त्रणा" भन्ने शब्दपछि "बैठक" भन्ने शब्द थपिएको छ ।

(२) उप-नियम (२) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर त्यसरी विदेश जाँदा यी नियमहरूबमोजिम दैनिक भत्ता पाउनेमा प्रस्थान गरेको दिनको पूरै र भ्रमणबाट फर्केको दिनको हकमा सो दिनभन्दा अघिल्लो दिनको लागि पाउने दैनिक भत्ताको आधा पाउनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) उप-नियम (२) बमोजिम अन्तरराष्ट्रिय सम्मेलन, सेमिनार, समारोह, निमन्त्रणा वार्ता वा बैठकमा जाँदा कुनै मित्रराष्ट्र वा अन्तरराष्ट्रिय संस्थाकै तर्फबाट खाना बस्नाको प्रबन्ध भै खर्चको रूपमा कुनै रकम दिने व्यवस्था नभएकोमा त्यस्ता कर्मचारीलाई यी नियमहरूबमोजिम पाउने दैनिक भत्ताको एक चौथाई पाकेट खर्चको रूपमा दिइनेछ। तालीम वा अध्ययनको लागि गएकोमा पाकेट खर्च पाउनेछैन।"

(४) उप-नियम (३) पछि देहायको उप-नियम (३क) थपिएको छः–

"(३ क) कुनै मित्रराष्ट्र वा अन्तरराष्ट्रिय संस्थाबाट खाना बस्नाको लागि रकम नै दिने भएमा उप-नियम (३) बमोजिम पाकेट खर्च दिइनेछैन।

तर, सेमिनार, तालीम वा अध्ययनमा बाहेक उप-नियम (३) बमोजिम अन्य काममा जाँदा त्यस्तो रकम यी नियमहरूबमोजिम पाउने दैनिक भत्ताभन्दा कम हुने भएमा त्यसरी कम भए जति रकम दैनिक भत्ताको रूपमा दिइनेछ।"

९. मूल नियमावलीको नियम २१ मा संशोधनः मूल नियमावलीको नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छः–

"२१. नेता भत्ता पाउनेः औपचारिक प्रतिनिधिमण्डलको रूपमा अन्तरराष्ट्रिय सम्मेलन, समारोह वार्ता वा बैठकमा भाग लिन जाँदा त्यस्तो प्रतिनिधिमण्डलको नेतृत्व गरी जाने नेता र निजको अनुपस्थितिमा सोमुनिका बरिष्ठ सदस्यले यी नियमहरूबमोजिम पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत थप नेता भत्ता पाउनेछ।

तर, श्री ५ को सरकारले तोकेको अवस्थामा बाहेक एक सदस्यीय प्रतिनिधिमण्डल जाँदा वा पर्यवेक्षकको रूपमा प्रतिनिधिमण्डल जाँदा नेता भत्ता दिइनेछैन।"

१०. मूल नियमावलीको नियम २३ मा संशोधनः मूल नियमावलीको नियम २३ को,

(१) उप-नियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन्ः–

"(क) भारत, पाकिस्तान, बंगलादेश, बर्मा, जनगणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बत र श्रीलंकामा जाने कर्मचारीले राजपत्रांकित भए एक हजार छ सय रूपैयाँ र राजपत्र अनंकित भए एक हजार रूपैयाँ।

(ख) खण्ड (क) मा उल्लेख भएका मुलुकहरू बाहेक अन्य मुलुकहरूमा जाने कर्मचारीले राजपत्रांकित भए दुई हजार रूपैयाँ र राजपत्र अनंकित भए एक हजार चार सय रूपैयाँ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) पछि देहायको उप-नियम (१ क) थपिएको छः–

"(१ क) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा लुगा भत्ता दिइनेछैनः–

(क) तालीम बाहेक नेपाल अधिराज्यको सीमानासंग जोडिएको विदेशी सीमाना क्षेत्रमा जाँदा,

(ख) कुनै विदेशी सरकार वा संघ संस्थाहरूबाट लुगा भत्ता दिइने व्यवस्था भएमा।"

(३) उप-नियम (५) मा रहेको "आफ्नो पदाधिकार कायम रहेकै पदको" भन्ने शब्दहरूको सट्टा "कायम मुकायम भएको पदको" भन्ने शब्दहरू राखिएका छन्।

(४) उप-नियम (६) को सट्टा देहायको उप-नियम (६) राखिएको छः–

"(६) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाबाट एक पटक लुगा भत्ता पाएको कर्मचारीले सो लुगा भत्ता पाएको मितिले तीन वर्ष भुक्तान नभई अर्को लुगा भत्ता पाउनेछैन।"

११. <u>मूल नियमावलीको नियम २४ मा संशोधनः</u> मूल नियमावलीको नियम २४ को सट्टा देहायको नियम २४ राखिएको छः–

"२४. <u>दैनिक तथा भ्रमण भत्ता नपाउनेः</u> (१) यी नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि पहाडी क्षेत्रको हकमा अड्डा रहेको ठाउँ र त्यसको चारैतिर डेढ कोस र अन्य क्षेत्रमा अड्डा रहेको ठाउँ र त्यसको चारैतिर अढाई कोसभित्र सरकारी काममा भ्रमण गर्दा दैनिक तथा भ्रमण भत्ता पाउनेछैन।

(२) उप-नियम (१) मा तोकिएको डेढ कोस वा अढाई कोसको क्षेत्रभित्र अर्को जिल्ला पर्ने रहेछ भने पनि सो क्षेत्रमा भ्रमण गर्दा यी नियमहरूबमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछैन।

(३) बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटिजाने कर्मचारीले यी नियमहरूबमोजिम भ्रमण भत्ता मात्र पाउनेछ।

(४) यी नियमहरूको प्रयोजनको लागि काठमाडौं उपत्यकालाई एउटै जिल्ला मानिनेछ।"

१२. <u>मूल नियमावलीको नियम २६ मा संशोधनः</u> मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएको छः–

"२६. <u>विशेष व्यवस्थाः</u> नियम १३ को उप-नियम (१) मा लेखिएको अवस्थाबाहेक भौगोलिक, प्राकृतिक वा हावापानीसम्बन्धी कठिनाईको दृष्टिले नेपाल अधिराज्यको कुनै भागमा बसी काम गर्ने कर्मचारीलाई श्री ५ को सरकारको समय समयको विशेष निर्णयबाट दिई आएको वा दिइने स्थानीय भत्ता, लुगा भत्ता, औषधि भत्ता वा यस्तै अरू भत्तालाई यी नियमहरूले प्रतिकूल असर पारेको मानिनेछैन।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल नियमावलीमा नियम २६ क थप: मूल नियमावलीको नियम २६ पछि देहायको नियम २६ क. थपिएको छः–

"२६ क. अनुसूचीमा हेरफेरः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।"

१४. मूल नियमावलीको अनुसूची १ मा संशोधनः मूल नियमावलीको अनुसूची १ को क. समूह को जिल्लाको क्रमसंख्या १७ पछि देहायको क्रमसंख्या १८ थपिएको छः–

"१८. सिन्धुपाल्चोक जिल्लाको लिस्तीथुम र पाल्चोकथुम (हेलम्बु)"

१५. मूल नियमावलीको अनुसूची २ मा संशोधनः मूल नियमावलीको अनुसूची २ को सट्टा यसैसाथ संलग्न अनुसूची २ राखिएको छ।

१६. मूल नियमावलीको अनुसूची ३ मा संशोधनः मूल नियमावलीको अनुसूची ३ को सट्टा यसैसाथ संलग्न अनुसूची ३ राखिएको छ।

द्रष्टव्यः– यी नियमहरूको प्रयोजनको लागि एक कोस भन्नाले ३.२ किलोमिटर सम्झनु पर्छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – २
### (क)

(१) उत्तर अमेरिका (संयुक्त राज्य अमेरिका र क्यानाडा)
(२) दक्षिण अमेरिका
(३) मध्य अमेरिका
(४) जापान
(५) अष्ट्रेलिया
(६) न्यूजिल्याण्ड
(७) पश्चिम यूरोपमा पर्ने देशहरू:–
    (क) स्वीट्जरल्याण्ड
    (ख) स्पेन
    (ग) स्वेडेन
    (घ) डेनमार्क
    (ङ) नर्वे
    (च) वेल्जियम
    (छ) नेदरल्याण्डस्
    (ज) अष्ट्रिया
    (झ) फिनल्याण्ड
    (ञ) इटाली
    (ट) ग्रीस
    (ठ) संयुक्त अधिराज्य
    (ड) संघीय गणतन्त्र जर्मनी
    (ढ) पोर्चुगल
    (ण) लक्स्जम्वर्ग
    (त) फ्रान्स
    (थ) आइसल्याण्ड
    (द) आइरिस रिपब्लिक
    (ध) मोनाको
    (न) माल्टा
    (प) साइप्रस
    (फ) लिचटेन्सटेन
(८) पर्सियन खाडी क्षेत्र र मध्य पूर्वमा पर्ने देशहरू:–
    (क) ईरान

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुवेत
(ग) वहराईन
(घ) कत्तार
(ङ) संयुक्त अरब इमिरेटस्
(च) ओमन
(छ) उत्तरी एमन
(ज) दक्षिण एमन
(झ) जोर्डन
(ञ) इराक
(ट) सिरिया
(ठ) इजरायल
(ड) लेवनान
(ढ) टर्की

(ख)

खण्ड (क) र (ग) मा परेका बाहेक अन्य सबै मुलुकहरु

(ग)

(१) भारत

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२०

अनुसूची – ३

(नियम २० संग सम्बन्धित)

दैनिक भत्ताको दर

| मुलुक | कर्मचारीको तह | | |
|---|---|---|---|
| | प्रथम तह | द्वितीय तह | तृतीय तह |
| अनुसूची २ (क) का मुलुकहरूमा रू. | ६२०।– | ५५७।– | ४९४।– |
| अनुसूची २ (ख) का मुलुकहरूमा रू. | ५५७।– | ४९४।– | ४३१।– |

अनुसूची २ (ग) को मुलुकमा देहायको दरले:–

(क) विशिष्ट श्रेणी र राजपत्रांकित प्रथम श्रेणीको निमित्त दिन एकको रू. २००।–

(ख) राजपत्रांकित द्वितीय र तृतीय श्रेणीको निमित्त दिन एकको रू. १६०।–

(ग) राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीको निमित्त दिन एकको रू. १५०।–

(घ) राजपत्र अनंकित अन्य श्रेणीको निमित्त दिन एकको रू. ७०।–

तर,

(१) दिल्ली, बम्बई, कलकत्ता, मद्रास र श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्य कुनै शहरमा भ्रमण गर्दा माथि तोकिएको दैनिक भत्तामा पचास प्रतिशत थप दिइनेछ।

(२) सरकारी कामको सिलसिलामा नेपाल अधिराज्यको एक भागबाट अर्को भागमा विदेशको बाटो गरी जानु पर्दा वा सरकारी स्तरमा औपचारिक रूपले प्रतिनिधित्व गर्नु परेमा बाहेक नेपाल अधिराज्यको सीमानासँग जोडिएको विदेशी सीमाना क्षेत्रमा जानु पर्दा विदेशको त्यस्तो ठाउँमा रात बिताउनु परेमा नेपाल अधिराज्यभित्र पाउने दैनिक भत्ताको दरमा पचास प्रतिशत थप दिइनेछ।

आज्ञाले–

जितेन्द्रलाल मास्के

श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।